# सार्वजनिक बिदा

सबै कामदारहरूलाई सार्वजनिक बिदामा छुट्टी लिने स्वीकृति हुन्छ। तथापि, रोजगारदाताले कामदारलाई कामका लागि अनुरोध गर्न सक्छ। यसमा कामदारले काम गर्दिन भन्न सक्छ यदि उनीहरूसँग उचित कारण (reasonable grounds) छ भने।

तपाईंको राज्य वा प्रदेशमा सार्वजनिक बिदाको सूचीका लागि हाम्रो सार्वजनिक बिदाहरूको सूचीको पृष्ठ (www.fairwork.gov.au/leave/public-holidays) मा जानुहोस्।

सार्वजनिक बिदाकोबारेमा हाम्रो छोटो भिडियो हेर्नुहोस्।



## सार्वजनिक बिदाको भुक्तानी

पूर्णकालीन तथा आंशिक कामदारहरू जसले सार्वजनिक बिदामा काम गर्दैनन् सामान्यतया उनीहरूको न्यूनतम तलब दरले त्यस दिनको सामान्य घण्टाहरूमा उनीहरूले गर्ने काम बराबरको  भुक्तानी गरिन्छ।

सार्वजनिक बिदामा काम गर्ने केही कामदारहरूलाई जरिवाना दर (penalty rate) ले भुक्तानी दिइनुपर्छ। यो उनीहरूको न्यूनतम् तलब दरभन्दा उच्च हुन्छ।

## अन्य बिदाको अवधिमा सार्वजनिक बिदाहरू

जब कामदारले वार्षिक वा बिरामी बिदा लिन्छ उनीहरूलाई अझै पनि सार्वजनिक बिदाहरूका लागि भुक्तानी पाउने सुविधा हुन्छ। यो भुक्तानी कामदारको जम्मा भएको बिदाबाट काटिदैन। तथापि, सामान्यतया कामदारले काम गर्ने दिनमा सार्वजनिक बिदा परेको हुनुपर्छ।

### यसपछि के गर्ने

- सार्वजनिक बिदाको दरहरू पत्ता लगाउन हाम्रो तलब क्यालकुलेटर (Pay Calculator (https://calculate.fairwork.gov.au/findyouraward) ) प्रयोग गर्नुहोस्।

## Contact us

Fair Work Online: www.fairwork.gov.au

Fair Work Infoline: 13 13 94

Need language help?

Contact the Translating and Interpreting Service (TIS) on 13 14 50

Hearing & speech assistance

Call through the National Relay Service (NRS):

For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94

Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.